bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता : व्यक्ति, परिवार र समाजको ऐक्यबद्धता ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ४० अंक १११ | २०७८ भदौ ०३ गते बिहीबार, नेपाल सम्वत् ११४१ August 19, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**खड्काकालिका मन्दिरको पुनःनिर्माण :** तनहुँको व्यास नगरपालिका-११ तनहुँसुरस्थित ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वको खड्गकालिका मन्दिर । यो मन्दिर खण्डहर बन्दै गएपछि पुरातत्व विभागको करिब ५० लाख रूपैयाँको लागतमा पुनःनिर्माण गरिएको हो । विभागले तनहुँसुरमा रहेको दरबारको उत्खनन् पनि गरेको छ ।
*तस्विर : भञ्ज्याङ*

# बाढीले मर्स्याङ्दी नदीको पुल बगायो

**भञ्ज्याङ समाचारदाता**/दमौली

मंगलबार राति परेको वर्षाले मर्स्याङ्दी नदीमा बाढी आउँदा तनहुँ र गोरखा जोड्ने पुल बगाएको छ । तनहुँको भानु नगरपालिका-३ तुरतुरे र गोरखाको पालुङटार जोड्ने बेलिब्रिज मर्स्याङ्दी नदीले बगाएको हो । व्यास नगरपालिकास्थित छाब्दी दोभानमा जडानका लागि ल्याउन लागिएको बेलिब्रिज बाढीले बगाएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिए । उक्त बेलिब्रिज व्यास नगरपालिका-१ र १३ जोड्ने छाब्दीखोलामा जडानका लागि ल्याउने तयारी भइरहेको थियो। 'उक्त पुल फुकालेर व्यासमा ल्याउने तयारी भइरहेको थियो, केही सामग्री ल्याइसकिएको छ, बाँकी रहेका पुलका सामग्री नदीले बगायो', तिमिल्सिनाले बताए ।

गत असार १७ गते आएको बाढीले छाब्दीखोलामा पुल बगाएपछि बेलिब्रिज जडान गर्न काम अगाडि बढाइएको छ तर मर्स्याङ्दी नदीले पुलका सामग्री बगाएपछि काम प्रभावित हुने भएको छ ।

# राजनीतिक दलसम्बन्धी अध्यादेश : अरूको पार्टी फुटाएर आफ्नो सत्ता जोगाउने सोच

**कृष्ण ज्ञवाली**/काठमाडौं

व्यवस्थापिका र कार्यपालिका मार्फत राजनीतिक स्थायित्वको परिकल्पना गरिएका कानूनी संरचनामाथि अध्यादेशमार्फत प्रहार हुँदा फेरि पुरानै राजनीतिक विसंगति दोहोरिने चिन्ता बढेको छ। सरकारले कुनै दलको सानो हिस्सा टुक्रिँदा पनि ती दलबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिको पद जोगिने गरी दल विभाजन गर्न पाउने अध्यादेश जारी गरेपछि यसको चौतर्फी विरोध भएको छ । आफ्नो बहुमत सुरक्षित गर्न र सत्ता सहयात्री, नेकपा एमालेको माधव नेपाल समूहको अबको राजनीतिक यात्रा सुरक्षित गर्न जारी गरेको अध्यादेशले राजनीतिमा दूरगामी असर पार्ने भन्दै आलोचना भएको छ ।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ मा संसदीय दल र केन्द्रीय समितिको ४० प्रतिशत हिस्सा टुक्रिए मात्रै सांसदहरूको पद सुरक्षित रहन सक्ने व्यवस्था थियो। तर त्यसलाई बुधबार राष्ट्रपतिबाट प्रमाणीकरण भएको अध्यादेशमार्फत संशोधन गरी संसदीय दल वा केन्द्रीय समितिमध्ये एउटामा २० प्रतिशत हिस्सा भए पुग्ने व्यवस्था गरिएको छ । २०७७ साल वैशाख ९ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले पनि दल विभाजन सम्बन्धी अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेका थिए । त्यतिबेला पार्टीभित्र र बाहिरबाट चर्को विरोध भएपछि ओलीले अध्यादेश सिफारिस फिर्ता लिएका थिए ।

ओलीले ल्याएको अध्यादेशको अध्यादेशको चर्को विरोध गर्नेमा तत्कालिन प्रमुख प्रतिपक्षी दल गरेको नेपाली कांग्रेस पनि थियो। तर कांग्रेस आफू सत्तामा गएपछि फेरि त्यस्तै अध्यादेश जारी गर्‍यो। यो अध्यादेशपछि नेकपा एमाले समाजवादी दर्ता गर्न निर्वाचन आयोगमा निवेदन दिएका माधव नेपाल समूहको सांसद पद सुरक्षित भई सरकारको बहुमत कायम रहन्छ भन्ने विश्वास प्रधानमन्त्री देउवामा देखिन्छ। सरकारको यो निर्णयबाट भर्खरै मात्र सत्ताबाट बाहिरिएको एमालेलाई भने राजनीतिक क्षति हुने देखिन्छ ।

नेपालको संविधानको धारा ११४ मा अध्यादेशसम्बन्धी व्यवस्था छ । संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक तत्काल केही गर्न आवश्यक परे मा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने व्यवस्था उक्त धारामा छ । अध्यादेश ऐन सरह मान्य भएकाले

> संवैधानिक कानून व्यवसायी मञ्चका अध्यक्ष राजुप्रसाद चापागाईले भने, 'अत्यावश्यक भन्ने बहानामा संसद छलेर मनोमानी अध्यादेश ल्याउनु र आफू अनुकुल शासन चलाउन खोज्नु गलत हो। त्यो औचित्यपूर्ण हुदैन।'

सत्तारूढ दलहरूले बारम्बार अध्यादेशमार्फत कानून संशोधन गरेर आफू अनुकुल निर्णय गराउन खोजेको देखिन्छ । 'हिजो ओली सरकारले यस्तै काम गर्दा अध्यादेशबाट शासन गर्न खोज्ने,

*बाँकी अन्तिम पेजमा*

# अध्यादेशको विरोधमा राष्ट्रिय युवा संघको आन्दोलन

**भञ्ज्याङ समाचारदाता**/दमौली

राष्ट्रिय युवा संघ नेपाल जिल्ला कमिटी तनहुँले सरकारले जारी गरेको अध्यादेशको बिरोधमा बुधबार देशव्यापी रूपमा आन्दोलन गरेको छ। मुलुकलाई अस्थिरतातर्फ धकेल्ने जनघाती निर्णय तथा सरकारी दमनको बिरूद्द युवा संघले आयोजना गरेको देशव्यापी आन्दोलनमा तनहुँले पनि खोप उपलब्ध गराउनुको अलबा दलबदल अध्यादेश ल्याएर लोकतान्त्रिक गणतन्त्रलाई छेदबिच्छेद बनाउने कार्यमा लागेको आरोप लगाउनुभयो । कार्यक्रममा राष्ट्रिय युवा संघ जिल्ला संयोजक उज्वल खनालले जनादेशबाट नभई परमादेशबाट तोकेर बनाइएको असंबैधानिक कदम प्रति युवा संघले सशक्त आन्दोलन गरिने बताए ।




ऐक्यबद्धता जनाएको हो ।

कार्यक्रममा नेकपा एमाले जिल्ला कमिटी तनहुँका सदस्य हरिराज कँडेलले अहिलेको सरकार प्रतिशोध ढंगबाट आफुलाई उभ्याएको बताउनुभएको छ । अग्रगमन काम गर्ने नाउँमा प्रतिगामी र प्रतिगमनको कार्य गरेको जनता समक्ष छताछुल्ल भएको उहाँले बताउनुभयो ।

सरकार भष्टाचार मुद्दाका अदालतमा पुग्न नपाउँदै छुटकारा दिने र कोभिडको महामारीमा नेपाली जनतालाई सहज रूपमा

कार्यक्रममा राष्ट्रिय युवा संघ जिल्ला सहसंयोजक सुरेन्द्र अधिकारी, विद्यार्थी नेता नविन वाग्ले लगायतका वक्ताहरूले जनताको पक्षमा काम गर्ने सरकार नभएकोले देश, जनता र संविधानको रक्षाको लागि सशक्त रूपमा आन्दोलन गर्नुपर्नेमा जोड दिएका थिए । पार्टी कार्यालयबाट सरकार बिरूद्ध चर्को नारा लगाउँदै निस्किएको उक्त र्‍याली दमौलीको अनसन चौतारीमा पुगेर कोण सभामा परिणत भएको थियो ।

सुपथ मुल्यमा पुर्वेली, पाल्पाली ढाकाटोपी, साडी, ब्याग आदि चाहिएमा हामीलाई सम्झनुहोस् ।
निखिल ढाका कपडा एण्ड सटिङ्ग सुटिङ्ग उद्योग
व्यास-१, २, दमौली । सम्पर्क : ९८४१८०००६१, ९८०६६७३३४४

साथै, इण्डियन, चाइनिज, नेपाली तथा ढाकाको कोट, सुट, दौरासुरूवाल, रेडिमेट तथा अर्डर अनुसार तयार गरिन्छ ।


वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
भञ्ज्याङ राष्ट्रिय दैनिक
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

## सम्पादकीय

# डोजरे विकास !

विकास सडकसंग जोडिन थालिएको छ । विकासका नाममा तयार गरिने पूर्वाधारमा पहिलो प्राथमिकता डोजर प्रयोग हुने गरेको छ । डोजर तथा स्काभेटरको प्रयोग गरी गाउँबस्ती, भिरपाखा र कुना–कन्दरामा समेत मोटरबाटो निर्माण गर्न थालिएपछि ऐतिहासिक र प्राकृतिक सम्पदा नासिँदै गएका छन् । केही वर्ष अघिसम्म ग्रामीण क्षेत्रका लेक बैँसी, बस्ती, गोरेटो र उकाली ओरालीमा देखिने गरेका पाटी, पौवा, सत्तल, धारा, कुवा, पँधेरा, जरूवा, चौतारी, पोखरी र स्थानीय देवतालाई सम्झेर पाती चढाउने थुम्का अहिले नासिन थालेका छन् । गाउँघरतिर 'बजेट सक्ने विकास' भनेर बोलिने डोजर चालक नै इञ्जीनियर बनेर खनिएका मोटरबाटोका कारण वर्षौं पहिलेदेखिका ऐतिहासिक तथा प्राकृतिक सम्पदा नास भएको प्रस्टै देख्न सकिन्छ । जीवन्त यस्ता सम्पदाको संरक्षणका लागि सम्बन्धित पक्षले कुनै चासो देखाएको पाइदैन । विकासका नाममा वातावरणीय प्रभाव मूल्याङ्कन नगरीकन जथाभावी खनिएका मोटरबाटोका कारण तनहुँको चार नगरपालिका र छ गाउँपालिकामा रहेका अधिकांश ऐतिहासिक तथा प्राकृतिक सम्पदा नासिदै जान थालेका छन् । यस्ता प्राकृतिक तथा ऐतिहासिक सम्पदाको तथ्याङ्क अद्यावधिक गर्ने कुनै निकाय छैनन् । जनताको घरदैलोको सरकारको रूपमा अगाडि आएको स्थानीय पालिकाले समेत यी र यस्ता क्षेत्रको संरक्षणका साथै कहाँ के कस्ता सम्पदा छन भनि प्रभावकारी रूपमा खोजी गरेको पाइदैन । जिल्लाका केही पालिकाहरूले मुख्य मुख्य सम्पदाहरूको खोजी, संरक्षण तथा प्रवर्द्धनका काम गरेपनि खासै प्रभावकारी भएको देखिदैन । यतिबेला गाउँगाउँमा सडक सञ्जाल विस्तार गर्ने क्रममा बढ्दो छ । आवश्यकातालाई भन्दा पनि पहुँच र घरदैलोमै सडक पुर्‍याउने होडबाजीका कारण हाम्रा परम्परागत बाटोघाटो, पाटी, पैवा, सत्तल, देवल, धारा, कुवा र चौतारी पोखरी भत्काइएको वा पुरिएका छन् । विकासको नामबाट विनास भएको छ त्यसले दीर्घकालसम्म क्षति पक्कै पनि पुर्‍याउने छ । सडकको नाममा डोजरले खेतका गरा, कान्ला र उर्वर जमिन मात्रै भत्काएको छैन, आफ्ना पुर्खाको कीर्ति, संस्कृति, सभ्यता र हाम्रो परम्पराको जग पनि हल्लाएको छ, यसले हाम्रो ग्रामीण सौन्दर्य पनि नासिदै गएको छ । तत्कालीन बाइसे चौबीसे राज्य अन्तर्गतका ऐतिहासिकस्थल, ऐतिहासिक देबल, मठ, थुम्का, सत्तल, चौतारी, पोखरी, कुवा र इनार अहिले खण्डहरमा परिणत भएका छन् । यस्ता ऐतिहासिक सम्पादाहरूको उचित संरक्षण र प्रवर्द्धन गर्न सके हाम्रो परम्परागत संस्कृति संरक्षण हुन सक्छ ।

अहिले ग्रामीण पर्यटनको राम्रो अवसर छ । यी ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्न सक्यौ भने भोलीका पुस्ताले परम्परागत संस्कार संस्कृति बुझ्ने मात्र होइन वातावरणमैत्री क्रियाकलापको महत्व पनि बुझ्ने छन । हामीले अवलम्बन गरेको विकासका मोडलले प्राकृतिक विपद् निम्तन थालेको छ । विकासले सहजता हुनुपर्ने ठाउँमा विनास निम्त्याउन थालेको छ । यदि हामीले अवलम्बन गर्ने विकासका मोडलहरू वातावरणमैत्री बनाउन सकियो भने हामी र हामी बसोवास गरेको भूमि पनि सुरक्षित हुने छ । हामीले गरेका केही विकास निर्माणका कामले सर्वसाधारणलाई सहज पनि भएको छ । पुल पुलेसाको निर्माणले सर्वसाधारणले समयको वचतका साथै आर्थिक उपार्जनको माध्यम पनि बढेको छ । सडक विस्तारले गाउँगाउँमा यातायातका साधान पनि पुगेका छन् । केही पाउनका लागि केही गुमाउनु पर्छ भन्ने मान्यतालाई हेर्नेहो भने अहिले हामीले विकासका नाममा अवलम्बन गरिएको डोजरी विकासले बढि क्षति पुर्‍याएको पाइन्छ । वातावरणीय असरको मूल्याङ्कन नगरी मनलाग्दि रूपमा डोजर चलाउँदा हाम्रा ग्रामीण क्षेत्रमा खानेपानीका परम्परागत श्रोतहरू सुक्दै जाँदा खानेपानीको हाहाकार हुन थालेको छ । परम्परागत घोरेटो, गोरेटो बाटाहरू नासिएका छन् । वर्षायाम्मा सोच्दै नसोचिएको ठाउँबाट पहिरो खस्दा ठूलो मात्रमा जनधनको क्षति व्यहोर्नुपरेको छ। ठूलो क्षेत्रफलमा खेतीयोग्य जमिन बगर बनेको छ । पाकेर थन्काउने बेला भएको अन्नबालि बगरमा परिणत भएका छन् । यी र यस्ता विनास हामीले अवलम्बन गरेका विकासकै मोडलहरू प्रमुख कारक भएको देखिन्छ । त्यसैले हाम्रो भौगोलिक अवस्थालाई ख्याल गरी विकासका कार्यक्रम अगाडि बढाउनु अहिलेको आवश्यकाता छ । यति मात्र होइन मानिसहरू सुविधाभोगी भएका कारण प्राकृतिक विपद्ले ठूलो क्षति पुर्‍याउन थालेका छ । हाम्रो बसोवास सडकको छेउछाउ वा नदी तथा खोला आसपास सर्दै गएको र ग्रामीण क्षेत्रमा खेतीयोग्य जमिन बाँझिदै जाँदा पनि विपद् निम्तिन थालेको छ । यस्ता समस्याबाट छुट्करा पाउनका लागि हामी स्वयंनै सचेत बनि हाम्रा क्रियाकलापलाई वातावरणमैत्री बनाउन आवश्यक छ ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np
ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : | ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - | ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - | ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- | ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - | ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- | ५७०२४० |

# हिमबाढी आउने प्रमुख चार कारण

श्रीकमल द्विवेदी (भूगर्भविद)

विश्व तापमान वृद्धि हुँदै गएकाले हिमालय क्षेत्रमा प्रत्यक्ष प्रभाव परेको छ । त्यहाँबाट उत्पत्ति भएका नदीका तल्लो तटीय क्षेत्रमा हिमबाढीको प्रकोप बढ्दै छ। हिमाली क्षेत्रमा हिमताल फुटेर, हिउँ वा बरफ पग्लेर अकस्मात आउने ठूलो परिमाणको गेग्रानसहितको बाढीलाई हिमबाढी भन्न सकिन्छ । दुई दशकअगाडि हिमतालको अध्ययन सुरु गर्दा यस्तो बाढी हिमताल विस्फोटनबाट मात्र आउने देखिएको थियो। अहिले यस्ता बाढी अन्य कारणले पनि आउने पुष्टि भएको छ। सन् २०१२ मे ५ मा आएको सेती बाढीको अध्ययन अनुसार यस्तो बाढी हिमपहिरोले पनि ल्याउने रहेछ भन्ने देखिएको हो। मैले सन् २००३ मा आएको मादी नदीको यस्तै प्रकारको बाढी पनि छोटो समय ताल बनेर फुट्दा आएको ठानेको थिएँ। तर सेतीबाढी अध्ययनले हिमपहिरोबाटै सिर्जित भएको निर्क्योलमा पुगे । मेरो अध्ययन, अनुसन्धान र अवलोकनले हालका वर्षमा हिमबाढी मुख्य चार कारणले आउने देखिएको छ। यस्तो बाढी र यसका क्षति बुझ्न हिमाली क्षेत्रको सतहको भौगर्भिक अवस्था बुझ्नुपर्ने हुन्छ।

बगिरहेको बरफ नै हिमनदी हो। उच्च हिमाली क्षेत्रमा हिउँ पर्छ तर तापक्रम शून्य डिग्री सेल्सियसभन्दा माथि जाँदैन। तब हिउँ जम्मा हुन थाल्छ। यो प्रक्रियामा तल्लो तहको हिउँ माथिल्लो तहको हिउँले थिचिँदै जान्छ। यसरी तल्लो तहको हिउँको घनत्व बढ्दै जान्छ र बरफमा परिवर्तन हुन्छ। हिउँ र बरफ दुवै पानीको जमेको वा ठोस रूप हो। भर्खर परेको हिउँको घनत्व ०.०१ ग्राम प्रति घनसेन्टिमिटर हुन्छ भने बरफको ०.९१७ ग्राम प्रति घनसेन्टिमिटर हुन्छ । जमेको हिउँको घनत्व भनेको यी दुईको बीचमा हुन्छ । हिउँको तह धेरै हुन थालेपछि विस्तारै भिरालोतिर बग्न थाल्छ। यसरी हिमनदी सिर्जना हुन्छ । हिमनदीको बग्ने गति भने फरक हुन सक्छ। केही सेन्टिमिटर प्रतिसाता वा महिनादेखि केही मिटर प्रतिदिनसम्म हुन सक्छ। हिमनदीको बग्ने क्रमलाई तापक्रमले नियन्त्रण गर्छ। जति तल्लो उचाइतिर आयो, उति बढ्दो तापक्रम भएकाले पग्लिन थाल्छ। तल्लो उचाइमा चिसो बढ्दा हिमनदी अझै तलसम्म बढ्छ । तापक्रम बढे माथिल्लो उचाइमा सर्छ । हिमनदी बग्ने क्रममा यसका वरिपरि तथा पिँधमा भएको चट्टानको टुक्रा र चट्टान क्षयीकरणबाट बनेको माटो, ग्रेगर सबै सँगै बग्छ। यी चट्टानका टुक्रा, ग्रेगर, बालुवा र माटोको मिश्रणलाई सम्मिश्रण (डेब्रिस) भनिन्छ।

हिमनदी दुई प्रकारका हुन्छन् : शुद्ध बरफले ढाकेको र यस्तै पदार्थको सम्मिश्रण (डेब्रिस) ले ढाकेको । हिमाली क्षेत्रमा सम्मिश्रणले ढाकेका हिमनदीको माथिपट्टि ढुंगामाटो मात्रै देखिन्छ। तर मुनितिर हिमनदी बगिरहेको हुन्छ। तल्लो उचाइमा पुगेर पग्लँदा पनि त्यसमा भएको सम्मिश्रण पानीले बगाउन सक्दैन । त्यही स्थानमा जम्मा हुन थाल्छ। यो क्रम धेरै वर्षसम्म चलिरहँदा हिमनदीको अन्तिम विन्दुमा धेरै नै सम्मिश्रण (डेब्रिस) जम्मा हुन्छ। यसरी जम्मा भएको थुप्रोलाई हिमोढ (मोरेन) भनिन्छ।

**बरफमा जमेको जमिन :**

वर्षभरि नै तापक्रम शून्य डिग्री सेल्सियस भन्दा कम हुने ठाउँमा हिमनदीबाहेकको माटोमा भएको चिस्यान पनि जमेर एकै ढिक्का भएर बसेको हुन्छ । यसरी हिमनदी भएका स्थानमा बहने बरफले यु (U) आकारको नदी उपत्यका बनाउँछ। तर पानीको कटान क्षमता धेरै हुने भएकाले 'भी' आकारका बनेका हुन्छन् ।

**हिमताल :**

हिमालय क्षेत्रमा भइरहेको तापक्रम वृद्धिको प्रत्यक्ष असर हिमनदीमा देख्न सकिन्छ। तापक्रम बढ्दा हिमनदीहरु माथिल्लो उचाइतिर सर्न थाल्छन्। यसको मतलब, अब पहिला बनेका हिमोढ (मोरेन) भन्दा पछाडि नै हिमनदी पग्लिन थाल्छ। यस अवस्थामा हिमोढले हिमनदीबाट पग्लेर आएको पानी रोकेर बाँधको काम गर्छ। अनि पानी जम्मा हुँदै हिमताल बन्न पुग्छ । यसरी बन्ने हिमताललाई हिमोढको बाँध भएको हिमताल भनिन्छ। कहिलेकाहीँ हिमनदी आफैंले पानी छेकेर पनि हिमताल बन्न सक्छ। यसलाई चाहिँ बरफको बाँध भएको हिमताल भनिन्छ । हिउँ पग्लिने प्रक्रिया बढ्दै जाँदा हिमतालको क्षेत्रफल पनि बढ्दै जान्छ। क्षेत्रफल बढ्नु भनेको हिमतालमा जम्मा भएको पानीको आयतन पनि बढ्नु हो। यो पानी थेग्ने हिमोढको बाँध प्रायः धेरै बलियो हुँदैन। यसै कारण हिमोढ बाँध भएको हिमताललाई खतराको रूपमा लिइन्छ ।

**हिमताल विस्फोटन :**

हिमोढ बाँध भत्केर तालको पानी तीव्र गतिमा बाहिरिने प्रक्रिया नै हिमताल विस्फोटन हो। यसका दुई कारण छन् :
पहिलो, बाह्य कारणले हुने विस्फोटन।

ठूलो हिमपहिरो तालमा खस्न गएमा तालको पानी हिमोढ बाँधभन्दा माथिबाट बग्न थाल्छ। यसरी बग्ने पानीको मात्रा धेरै हुन्छ। यसको बहावले बाँधमा भएका पदार्थ विस्तारै बगाउन थाल्छ। पानीको खोल्सा जति गहिरो हुँदै जान्छ, तालबाट बग्ने पानीको मात्रा त्यति नै बढ्छ र झन् गहिरो खोल्सा बन्छ। गहिरिँदै जाँदा खोल्साको दायाँ–बायाँबाट पनि पहिरो जान्छ र चौडाइ पनि बढ्छ। अनि झन् धेरै पानी तालबाट बाहिरिन थाल्छ। कहिलेकाहीँ भूकम्पका कारण पनि बाँध भत्किन सक्छ। तर २०७२ सालको भुइँचालोको केन्द्रबिन्दु नजिकै रहेका ठूला हिमताल पनि नफुट्नुले यो सम्भावना धेरै कम रहेको पुष्टि हुन्छ।

अर्को हो, बाँध आफैं भत्केर हुने विस्फोटन। कमजोर बनावट र त्यसमा भएका पदार्थको क्षयीकरण तथा बाँधभित्र हुने भूमिगत जल प्रवाहबाट बन्ने स–साना छिद्रमा पानीको बहाव बढ्दै जाँदा हिमोढ बाँध स्वस्फूर्त रूपमा पनि भत्किन सक्छ । बाँधभित्रको भूमिगत पानी हिउँदमा जम्छ, वर्षामा पग्लिन्छ। यसरी बाँधबाट हुने चुहावट जाडो मौसममा नदेखिने र गर्मीमा बढी देखिने हुन्छ। कहिलेकाहीँ बाँधभित्रै भएको बरफको ठूलो ढिक्का अकस्मात पग्लिएर पनि भत्किन सक्छ।

**१. हिमताल विस्फोटनबाट आउने बाढीः**

विगत केही दशकदेखि हिमताल बन्ने र तिनको आयतन वृद्धि हुने क्रम बढ्दो छ। यसले गर्दा हिमताल विस्फोटन भएर त्योभन्दा तल रहेका नदी छेउछाउका क्षेत्रमा आउने बाढीको सम्भावना पनि बढ्दै गइरहेको छ। बाँध फुटेर हुने विस्फोटनबाट आउने अर्बौं लिटर पानीसँगै मिसिएर आउने थेग्रिनी ( सेडिमेन्ट) ले हिमतालबाट बग्ने खोला तथा त्यसभन्दा तल्लो तटीय क्षेत्रमा व्यापक धनजनको क्षति गराउँछ। विस्फोटनबाट आउने सम्मिश्रण बहाब एकदमै शक्तिशाली हुन्छ। साधारण बाढी भन्नाले पानी मात्रै वा धेरथोर थेग्रिनी (५–१० प्रतिशत) को बहाब भन्ने बुझिन्छ। यो बहाबमा जति तीव्र गतिमा पानी बग्छ, उति नै ठूलो कणको थेग्रिनी बगाउने क्षमता हुन्छ । थेग्रिनीको मात्रा ४० प्रतिशतसम्म भएको अवस्थामा लेदोयुक्त बाढी हुन्छ। यस्तो अवस्थामा घोलको बहन क्षमता साधारण बाढीभन्दा फरक हुन्छ। तर बहाबको नियन्त्रण भने पानीको मात्राले नै गर्छ। सम्मिश्रण बहाबमा भने थेग्रिनी अति धेरै मात्रामा (६५ प्रतिशतभन्दा बढी) हुन्छ । संमिश्रण बहाबलाई भिरालोपन र यसमा भएका मसिना कणले नियन्त्रण गर्छ। सम्मिश्रण बहाब ५ डिग्री भिरालोभन्दा तल बहन सक्दैन र यस्तो स्थानमा बगाएर ल्याएको सबै पदार्थ जम्मा हुन्छ। मेलम्ची बजार यसै कारण पुरिएको हो। सन् १९९८ मा तामपोखरी फुटेर इङ्खु खोलामा आएको हिमबाढीले ल्याएको गेग्रानले दूधकोशी थुनेर एक किलोमिटर लामो ताल बनेको थियो ।




मोरेनको बाँध भएको हिमतालको बिकासका चरणहरु

यसरी हिमबाढीबाट आउने सम्मिश्रण बहाबले यसको बाटोमा पर्ने ठूल्ठूला संरचना पनि भत्काउन सक्छ। सन् १९८५ मा डिगच्छो हिमताल विस्फोटनले सोलुखुम्बुको नाम्चे साना जलविद्युत आयोजनाको लगभग तयार भइसकेको सम्पूर्ण संरचना भत्काइदिएको थियो। उक्त क्षेत्रका बासिन्दाको अनुभवमा धेरै ठूलो आवाजको साथै जमिनै हल्लिने गरी बहाब हुन्छ। दसौं हेलिकप्टर उडेजस्तो आवाज आउँछ। नदी क्षेत्रमा रहेका पुराना पहिरोको फेद खोतल्ने र बहाबमार्गमा रहेको सबै नरम तह सोहोरेर ठूल्ठूला ढुंगा समेत यस्तो बहाबले सजिलै बगाएर ल्याउँछ। त्यसै कारण यस्तो बाढीले ल्याउने थेग्रिनी अकल्पनीय हुन जान्छ । यस्तो बहाबको असर हिमतालबाट दसदेखि सय किलोमिटरसम्म ठूलो हुन्छ। धेरै तलको नदीमा भने पानी मात्र बग्न जान्छ जुन साधारण बाढीका रूपमा बगेर जान्छ । विगत केही दशकका बाढीको अध्ययन गर्दा हिमताल विस्फोटनबाट आउनेजस्तै बाढी वा सम्मिश्रण बहाब अरु तीन कारणले पनि आउने देखिएको छ :

**२. उच्च हिमाली क्षेत्रमा हुने ठूलो वर्षाः**

उच्च हिमाली क्षेत्रमा साधारणतया अत्यन्तै कम पानी पर्छ । उदाहरणका लागि मनाङको वर्षभरिको औसत बर्षा २५० मिलिमिटर हाराहारी छ। यस्तो स्थानमा छोटो समयमा ठूलो पानी पर्दा उक्त पानीको तापक्रम बढी हुन्छ। बरफ र जमेको जमिन समेत पगाल्ने भएकाले हिमबाढी सिर्जना हुन्छ। सन् २०१३ मा भारतको केदार क्षेत्र र नेपालको महाकाली

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
सुखद् समाचारले उत्साह जगाउनेछ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
अवसरका लागि केही त्याग गर्नुपर्ला । समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
सानै भए पनि रचनात्मक काममा जुट्ने समय छ । पहिलेको उपलब्धिले उत्साह जगाउनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
राम्रै अवसर पाइनेछ र मिहिनेतले लक्ष्यमा पुर्याउनेछ । दिगो फाइदा हुने काम हातलागी हुनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
सुखदु:खमा साथ दिनेहरु प्रशस्तै भेटिनेछन् । परिवारजनको साथले नयाँ आशा जगाउनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
मिहिनेतले फाइदा दिलाउनेछ । अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुपर्ला ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
मिहिनेतको परिणामले आत्मविश्वास बढ्नेछ । विशेष अवसरले प्रसन्नता दिलाउनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । खर्च लागे पनि कामको जग बसाउने मौका छ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
पुरूषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
सहयोगीहरूको भरपर्दा काम बिग्रन सक्छ । छोटो समयमा राम्रो उपलब्धि हातपार्न सफल भइनेछ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
आकस्मिक कामले खर्च बढाउन सक्छ । सञ्चित रकम अरूलाई सरसापट दिनुपर्ने हुन सक्छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
अवसरका लागि केही दौडधुप गर्नुपर्ला । तारिफयोग्य कामले लोकप्रियता दिलाउनेछ ।

# हाइकिङमार्फत जोडिंदै गलेम भिर

वासुदेव पौडेल/गण्डकी

स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिका-४ स्थित गलेम भिरलाई हाइकिङमार्फत जोड्ने प्रयास थालिएको छ। धार्मिक एवं पर्यटकीय महत्वको गलेम भिरलाई पदयात्रा पर्यटनसँग जोड्दै एक दिवसीय हाइकिङको गन्तव्य बनाउने सोचका साथ बृहत् फेदीखोला पोखरा समाजको समन्वयमा हाइकर्स क्लब नेपालले उक्त क्षेत्रको प्रवर्द्धनात्मक हाइकिङ सम्पन्न गरेको छ । गलेम भिरसँगै गलेम गाउँ र यससँग जोडिएका प्रकृति र संस्कृतिका विविध पक्षलाई एक साथ समेट्दै अघि बढाउने र यस क्षेत्रलाई एक दिवसीय हाइकिङको गन्तव्य बनाउने सोच राखिएको हाइकर्स क्लब नेपालका उपाध्यक्ष कृष्ण रानाभाटले जानकारी दिनुभयो । "गलेम भिर यस क्षेत्रका स्थानीयवासीको धार्मिक आस्था एवं विश्वाससँग जोडिएको ठाउँ पनि हो", उहाँले भन्नुभयो, "स्याङ्जा बजारका साथै पोखराबाट आउने पर्यटकलाई एक दिनको हाइकिङ गराउँदै यहाँका प्रकृति र संस्कृतिका विविध पक्ष एकसाथ अवलोकन गराउन सकिन्छ ।"

हाइकिङको सुरूआत हुने स्थल आरूखर्क बजारबाट पदयात्री ढुङ्गे देउराली हुँदै गलेम भिर भएर गलेम गाउँसम्म पुग्दछन् । आरूखर्कबाट दृश्यावलोकन गर्दै गलेम गाउँसम्म पुग्न झण्डै दुई घण्टा लाग्दछ । गाउँबाट करिब आधा घण्टाको दूरीमा मनोरम काल्से झरना रहेको बृहत् फेदीखोला सम्पर्क समाजका उपाध्यक्ष कृष्ण क्षेत्रीले जानकारी दिनुभयो ।

हाइकिङ मार्गमा पर्ने ढुङ्गे देउराली चौताराको छुट्टै धार्मिक महत्व छ । यस मार्ग हुँदै आवतजावत गर्नेले यात्रामा कुनै समस्या नआओस्, यात्रा सुखद् होस् भन्दै ढुङ्गा चढाएर हिँड्ने प्रचलन अहिले पनि कायमै छ। हाइकर्स क्लब नेपालका सदस्य टीका आचार्यका अनुसार गण्डकी प्रदेशभित्रका पर्यटकीय सम्भावनायुक्त गाउँलाई क्लबले हाइकिङका माध्यमबाट प्रवर्द्धन र विकास



गर्दै आएको छ ।

'स्वास्थ र पर्यटनका लागि हाइकिङ' भन्ने नाराका साथ क्लबले प्रत्येक महिनाको अन्तिम शनिबार गर्दै आएको हाइकिङको १९ औं शृंखला यस पटक आरूखर्क बजार–गलेम भिर हुँदै गलेम गाउँसम्म गरिएको उहाँले जानकारी दिनुभयो। विगत दुई वर्षदेखि गण्डकी प्रदेशका नयाँ नयाँ गन्तव्यमा क्लबले हाइकिङ सञ्चालन गर्दै आएको जानकारी दिँदै आचार्यले कोभिड महामारीले केही समय हाइकिङ स्थगित गर्नुपरेको बताउनुभयो ।

"कोभिड महामारीका बीच पछिल्लो समय खोप लगाउने क्रम पनि बढ्दै गएको र क्लबका प्रायः सदस्यले खोप लगाइसक्नुभएको छ", उहाँले भन्नुभयो, "आगामी दिनमा स्वास्थ्य सुरक्षा मापदण्ड पूर्णरूपमा पालना गर्दै क्रमशः हाइकिङका गतिविधि अघि बढाउने सोचमा छौँ।" हाइकिङको १९ औं शृंखला स्वास्थ्य मापदण्ड पालनासहित स्यानिटाइजर, मास्क आदिको प्रयोगसहित सम्पन्न गरिएको उहाँले जानकारी दिनुभयो।

फेदीखोला गाउँपालिका-४ का वडाध्यक्ष माधव सुवेदीका अनुसार आरूखर्कस्थित ऐतिहासिक शाहवंशीय दरबार, गलेम भिर आदि यहाँका पर्यटकीय गन्तव्य हुन् । यस क्षेत्रको विकासलाई लक्षित गरी दरबारको भग्नावशेषको संरक्षणका साथै यहाँका पर्यटकीयस्थलको प्रवर्द्धन, सर्केटारी आरूखर्क हुँदै पञ्चासे जाने बाटो कालेपत्रे गर्ने काम भइरहेको छ । फेदीखोला गाउँपालिका-१ सर्केटारी हुँदै गलेम–पञ्चासेरू सडकखण्डको भिरखण्ड दुई दशमलव छ किलोमिटर दूरीमा रहेको र सोही स्थानमा पार्क तथा वनभोजस्थल बन्न लागेको स्थानीय युवा पर्यटन व्यवसायी अशोक लामिछानेले जानकारी दिनुभयो । यस क्षेत्रमा रहेका पर्यटकीय सम्भावनालाई उजागर गर्न आवश्यक रहेको उल्लेख गर्दै उहाँले दृश्यावलोकन, हाइकिङका साथै अन्य पर्यटकीय गतिविधि पनि बढाउन सकिने बताउनुभयो ।

बृहत् फेदीखोला पोखरा सम्पर्क समाजका अध्यक्ष अविलास गुरूङले आरूखर्कस्थित शाहवंशीय राजाको दरबार रहेको क्षेत्र, शिवालय मन्दिर, आरूखर्क बजार, ढुङ्गे देउराली चौतारी, गलेमको भिर, भिरमा निर्माणाधीन पार्क, गलेम गाउँ आदिलाई समेट्दै यहाँको पर्यटकीय विकास गर्न सकिने सम्भावना रहेको बताउनुभयो । पर्यटकीय सम्भावनालाई उजागर गर्न संघ, प्रदेश तथा स्थानीय तहका सरकारको साथ र सहयोगका साथै स्थानीयवासीको जागरूकता अपरिहार्य हुने उहाँले बताउनुभयो । रासस

# हिमबाढी आउने प्रमुख ......

क्षेत्रमा र यसपालि मेलम्ची क्षेत्रमा आएको बाढी यसै प्रकारको हो ।

भू-उपग्रहबाट नापिएको बर्षाको तथ्यांक हेर्दा केदार क्षेत्रमा एक हप्ता अवधिमा ५०० मिलिमिटरभन्दा बढी बर्षा भएको देखिन्छ। यसैगरी मेलम्ची नदीको जलाधार क्षेत्रमा पनि अत्याधिक बर्षा भएको देखियो। मनाङमा वर्षको औसत २५० मिलिमिटर बर्षा हुने ठाउँमा २४ घन्टामा ८२.८ मिलिमिटर बर्षा हुँदा सम्मिश्रण बहाब आएको देखिन्छ।

**३. हिमपहिरोः**

हिमाली क्षेत्रको धेरै भिरालो स्थानमा ठूलो आयतनको हिमपहिरो आउँदा पनि हिमबाढी आउन सक्छ। सन् २००३ को मादी र सन् २०१२ को सेतीको प्रकोप यही कारणले आएको थियो। यसरी आउने हिमपहिरोमा माथि भनिएजस्तै उच्च हिमाली क्षेत्रमा जमेर बसेको मसिनो कण पर्याप्त हुने र भिरालोपन बढी हुने भएकाले सम्मिश्रण बहाबका रूपमा सजिलै तल्लो तटसम्म आउन सक्ने देखियो।

**४. भिरालोमा रहेको हिमनदी वा जमेको जमिन द्रुत गतिमा पग्लिनुः**

भिरालो जमिनमा रहेको हिमनदी द्रुत गतिमा पग्लिँदा पनि हिमबाढी आउन सक्ने देखिएको छ। सन् २०१९ मा पश्चिम नेपालको दोर्दी नदी तथा २०२१ जनवरीमा उत्तरी भारतको चमोली नदीमा यही कारणले बाढी आएको मेरो निक्र्यौल छ । यसबाहेक वर्षायाममा पहाडी भिरालो भू-भागमा सानातिना खोल्सी पहिरोले थुनिएर बन्ने पोखरी विस्फोटन भएर आउने वा २५ डिग्रीभन्दा बढी भिरालोपन भएका स्थानका खोल्सीमा आउने भेलबाढी पनि सम्मिश्रण बहाब नै हो।

**तात्कालिक सुरक्षाका उपायहरूः**

नेपालका उच्च हिमाली क्षेत्र तथा तिब्बतबाट बग्ने नदीहरूमा विगतमा बरफले ढाकेको माथिल्लो जलाधार भएका क्षेत्रमा हिमबाढी आउने सम्भावना हुन्छ । यस्ता स्थानको नदी उपत्यकामा नदीभन्दा केही पर बसोबास गर्ने व्यवस्था मिलाउनु पर्छ। पुल, बाटोघाटो जस्ता संरचना बनाउँदा बाढीको लेदोसहितको आउने पानीको सतहभन्दा टाढा र बलियो बनाउनु पर्छ। स्थानीयलाई यस्तो बहाबबाट आउने ठूलो आवाजबाट सधैं सतर्क भएर माथिल्लो र चट्टानी क्षेत्रमा सुरक्षित जाने पूर्व तयारी गर्नु पर्छ।

माथिल्लो क्षेत्रमा बस्ने स्थानीय र तल्लो क्षेत्रमा बसोबास गर्नेबीच सम्पर्कले पनि क्षति कम गर्न धेरै सघाउ पुर्‍याउँछ। हिमबाढी आउने सम्भावना भएका बस्ती सुरक्षित पार्ने संरचना बनाउनेतर्फ कस्तो नीति लिने भन्ने सोच्न ढिलो भइसकेको छ। यो नयाँ खालको प्रकोपको विस्तृत अध्ययन, अनुसन्धान तथा बचावटका लागि सरकारी तहमा संस्थागत व्यवस्था हुनु अत्यावश्यक भइसकेको छ । इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज (आइपिसिसी)का अनुसार हिमाली क्षेत्रको तापक्रम अझै बढ्ने पूर्वानुमानले हिमबाढीको खतरा अझै देखिन्छ । सेतोपाटीबाट

# काबुल र अन्तर्राष्ट्रिय विमानस्थलमा मानिस अलपत्र

रासस/एएफपी/काबुल

अफगानिस्तानको राजधानी काबुललाई यहाँका सशस्त्र विद्रोही समूह तालिबानले कब्जा गरेपछि यहाँ विभिन्न प्रान्तबाट विस्थापित भएर आएकाको भीड लागेको छ । उनीहरू आफ्नो सुरक्षाको माग गर्दै यसअघि काबुलमा आएका थिए। अफगानिस्तानको राजधानी काबुलको वरपरका प्रान्तमा तालिबानले कब्जा जमाएपछि उनीहरू भागेर त्यहाँ आएका हुन् । तालिबानले गत महिनादेखि अफगानिस्तानको हेरात, घाज्नी, लागोर, कन्दाहार आदि प्रान्त कब्जा गर्दै आएका हुन् । त्यस लगत्तै ती स्थानका नागरिक सुरक्षा खोज्दै काबुल आएका र अहिले पनि उनीहरू त्यहीँ रहेका छन् ।

अफगानिस्तानमा रहेका संयुक्त राष्ट्रसंघीय प्रतिनिधिले सो कुरा बताएका छन् । उनीहरूले काबुलका विभिन्न खुल्ला क्षेत्र र विमानस्थलमा हजारौँ नागरिकको भीडभाड रहेको छ । उता अफगानिस्तानको राजधानी काबुल नै तालिबानले कब्जा गरेपछि विदेशी नागरिक पनि आफ्नो देश फर्किन काबुलको विमानस्थलमा जम्मा भएका छन् । आवश्यक मात्रामा उडान हुन नसक्दा हजारौँ नागरिक विमानस्थलमै बसेका छन्। ती अफगान र विदेशी नागरिकलाई संयुक्त राष्ट्रसंघीय सहायता एजेन्सीले सहायता प्रदान गरिरहेको जनाइएको छ ।

उनीहरूलाई आवश्यक पर्ने खाद्यान्न तथा बस्ने व्यवस्थाका लागि सो एजेन्सीले काम गरिरहेको सो एजेन्सीले जानकारी दिएको छ। उपस्थित ठूलो संख्याका विदेशी नागरिक स्वदेश फर्किन चाहे पनि आवश्यक मात्रामा उडान नहुँदा समस्या भएको छ । केही मात्रामा विदेशी नागरिकको संख्या घटेको भए पनि अझै धेरै मानिस त्यहाँ रहेका राजधानी काबुलबाट प्राप्त भएका समाचारमा जनाइएको छ ।


## स्वास्थ्य परीक्षण सम्बन्धी सुचना !

**भाद्र ४ गते शुक्रबार**

१) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुबराज अधिकारी**द्वारा स्वास्थ्य परिक्षण ।

**भाद्र ५ गते शनिबार**

१) पोखरा गण्डकी मेडिकल कलेज र मधुमेह तथा थाइरोइड उपचार केन्द्रका वरिष्ठ **डा. तिर्थलाल उपाध्याय**द्वारा स्वास्थ्य परीक्षण ।
२) पोखरा गण्डकी अस्पतालका वरिष्ठ रेडियोलोजिष्ठ **डा. रोशन पङ्केनी**द्वारा भिडीयो एक्सरे सेवा ।

**भाद्र १२ गते शनिबार**

१) पोखरा मणिपाल अस्पतालका वरिष्ठ स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. अन्जली सुबेदी**द्वारा स्वास्थ्य परीक्षण ।

**भाद्र १९ गते शनिबार**

१) काठमाडौं अल्का अस्पतालका वरिष्ठ बाथरोग विशेषज्ञ **डा. अभिलाषा शाह**द्वारा स्वास्थ्य परीक्षण ।
२) पोखरा मेट्रोसिटी अस्पतालका वरिष्ठ नाक, कान र घाटीरोग विशेषज्ञ **डा. निरज केसी**द्वारा स्वास्थ्य परीक्षण ।

**भाद्र २६ गते शनिबार**

१) पोखरा फेवासिटी अस्पतालका वरिष्ठ यौन, छाला तथा कुष्ठरोग विशेषज्ञ **डा. बिनम्र बस्नेत**द्वारा स्वास्थ्य परीक्षण ।
२) पोखरा फेवासिटी अस्पतालका वरिष्ठ स्नायु, नशा, मानसिक तथा लागुऔषध रोग विशेषज्ञ **डा. जय बहादुर खत्री**द्वारा स्वास्थ्य परीक्षण

**हाम्रा उपलब्ध सेवाहरू :**

१) **डा. हेमन्त श्रेष्ठ**द्वारा दैनिक बिरामी जाँच ।
२) आधुनिक प्रयोगशाला द्वारा रगत, दिशा, पिसाबको परिक्षण ।
३) भिडियो एक्सरे सेवा । ४) प्रत्येक हप्ता शनिबार विशेषज्ञ सेवा ।
५) ई.सि.जी सेवा । ६) ड्रेसिङ्ग, सुचरिङ्ग र प्लास्टर सेवा ।
७) गुणस्तरीय फार्मेसी सेवा ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास–२, दमौली तनहुँ। फोनः ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



**किसान भेटेरिनरी सप्लायर्स**

व्यास–२, मिनराज कम्प्लेक्स, भोर्लेटारचोक (शहिद गेट)
**सम्पर्क : ९८५६०१०६२२, ९८४६०८७२६३, ९८४८४४७५७६**

**हाम्रा सेवाहरू**
- पशुपन्क्षिका लागि भ्याक्सिन तथा औषधी
- गाईभैसी, बंगुर, माछा, बाख्राको दाना/चोक्कर
- घर–घरमा पशुसेवा तथा परामर्श सेवा
- कुकुरका लागि आवश्यक पर्ने सम्पूर्ण सामार्गीहरू ।



**तपाईंको सेवामा हामी हाजिर छौं**

प्रो. राम शाह — प्रो. विभा शाह

**सिद्धार्थ भेट फर्मा/विभा सप्लायर्स**

व्यास–२ बागबजार, दमौली

**हाम्रा सेवाहरू :** पशुपंक्षिको औषधी तथा भ्याक्सिन, दाना, चल्ला पाउनुका साथै प्राविधिक सल्लाह दिइन्छ ।
**सम्पर्क नं.: ९८५६०१५४००, ९८५५०१५४००, ९८०४२९६८३३**

**हाम्रा सेवाहरू :** कुखुराको चल्ला, दाना, गाईभैसी, बाख्रा, माछाको दाना पाउनुका साथै प्राविधिक सल्लाह उपलब्ध गराइन्छ ।
**सम्पर्क नं.: ९८४५१४५३६३**



**हाम्रा सेवाहरू : अण्डा, चल्ला, दाना आदि पाइन्छ**

प्रो. मान बहादुर श्रेष्ठ



**दियालो स्टोर्स एण्ड अण्डा सप्लायर्स**

व्यास–४, बागबजार, दमौली, तनहुँ ।
फोन : ०६५–५६४२८२, ९८५६०६०२६१, ९८४६०९१२६२



**वीमा अभिलेख कार्ड हरायो**

यही मिति २०७८/०३/२९ गते दमौलीबाट डुम्रे तर्फ जाने क्रममा मेरो तपसिल बमोजिमको नेपाल जीवन वीमा कम्पनी (NLIC) को अभिलेख हराइरहेको हुँदा पाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी जानकारी दिनुहुन अनुरोध छ ।

**विमकको नाम** : होम थापा मगर
**विमालेख नम्बर** : १२५०३०७१५
**ठेगाना** : व्यास नगरपालिका–१४, भादुगाउँ (साविक पोखरीभञ्ज्याङ गाविस–३) तनहुँ
**सम्पर्क नं.** : ९८०६७४६७२३



**Dr. Sanjeev Adhikari**
दृष्टि रोग विशेषज्ञ

**Damauli Eye Care Center Pvt. Ltd.**

Vyas-2, Ganeshman Chowk, Damauli, Tanahun
Mbl no : 9841969007, 9846140073

**हाम्रा सेवाहरू :**
१. आधुनिक प्रविधिद्वारा आँखा परिक्षण २. मोतिया विन्दुको जाँच तथा उपचार
३. आँखा धमिलो हुने, आँखा पाकेको, मासु पलाएको, आँखाबाट आँसु बगिरहने रोगहरूको उपचार
४. डेढो आँखाको विशेष जाँच तथा उपचार ५. जलविन्दुको जाँच तथा उपचार
६. मधुमेह तथा उच्च रक्तचाप भएका व्यक्तिहरूको विशेष आँखा परिक्षण
७. सबै किसिमको Contact Lens को सुविधा
८. कृत्रिम आँखा राखिने ९. अल्छि आँखाको भिजन थेरापी गराईने
१०. कम्प्युटर चलाउँदा लगाउने चस्मा उपलब्ध ११. Progressive चस्मा उपलब्ध

**नोट : ५ वर्ष मुनिका तथा ७० वर्ष माथिका वृद्धवृद्धालाई निःशुल्क आँखा परिक्षण गराइन्छ**



**विवाह वारी २० वर्ष पारी**
**सानै छु बढ्न देऊ, बाल विवाह हैन पढ्न देऊ**



**बालविवाह गर्नु गराउनु दण्डनीय अपराध हो**

हामी सबै मिली बालविवाह अन्त्य गरौ, सम्भ्य समाजको निर्माण गरौ ।

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली, तनहुँ । गण्डकी प्रदेश

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४

२०७८ भदौ ०३, विहीबार
August 19, 2021



**कोरोना विरूद्धको खोप लगाउन लामबद्ध विद्यार्थी :** लमजुङ सुन्दरबजार नगरपालिकाको सुन्दरबजार नमूना अस्पतालमा बुधबार कोरोना विरूद्धको पहिलो खोप लगाउन लामवद्ध विद्यार्थी । स्वास्थ्य कार्यालय लमजुङले १८ वर्ष पुरा गरेका दुई हजार १०० विद्यार्थीलाई कोरोनाको खोप लगाउने भएको छ ।

*तस्बिर : जनक श्रेष्ठ/रासस*

# राजनीतिक दलसम्बन्धी अध्यादेश : ...........

दल फटाउन खोज्ने र लोकतन्त्र धरापमा पार्ने खेल भयो भने आलोचना गर्नेहरू आज त्यही काममा संलग्न भए' अधिवक्ता ओमप्रकाश अर्यालले भने, 'यस्तो गरेपछि उनीहरूसँग राजनीतिक नैतिकता रह्यो भन्न मिलेन।'

**औचित्यमाथि प्रश्न**

साढे दुई महिनाअघि ओली सरकारले दोस्रोपटक प्रतिनिधिसभा विघटन गरेपछि गत जेठ ९ गते नागरिकतासम्बन्धी अध्यादेश जारी गरेको थियो, जसलाई गत जेठ २७ गते सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत कार्यान्वयनमा रोक लगाइदिएको थियो। सर्वोच्च अदालतको उक्त आदेशका आधारमा हेर्ने हो भने अहिले देउवा सरकारले ल्याएको अध्यादेश पनि संविधानसम्मत देखिदैन । उक्त आदेशमा सर्वोच्चले कस्तो अवस्थामा अध्यादेश जारी गर्न नहुने भनी किटान गरेको छ ।

पहिलो, उक्त आदेशमा सर्वोच्च अदालतले राजनीतिक लाभका लागि अध्यादेश जारी गर्न मिल्दैन भनेको थियो । शासकीय सुविधा र राजनीतिक उद्देश्य प्राप्तिका लागि अध्यादेश जारी गर्न नहुने भन्दै नागरिकतासम्बन्धी अध्यादेश तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्न सरकारका नाममा आदेश जारी गरेको थियो । आदेशमा भनिएको थियो, 'शासकीय सुविधा वा अमुक राजनीतिक उद्देश्य प्राप्तिका लागि संसदलाई छलेर अध्यादेश जारी गर्दा त्यसबाट विधायिकाको अधिकार र प्रभावकारितामा अनुचित हस्तक्षेप गरेको अवस्था पैदा हुन सक्छ ।'

त्यतिबेला नागरिकता सम्बन्धी अध्यादेशबाट सरकारले प्रत्यक्ष रूपमा लाभ लिने सम्भावना कम थियो । त्यसको तुलनामा हेर्दा अहिले राजनीतिक दलसम्बन्धी अध्यादेशले देउवा सरकारलाई प्रत्यक्ष लाभ पुगेको देखिन्छ । शासकीय सुविधा र राजनीतिक लाभका लागि अध्यादेशलाई अस्त्र बनाउन नहुने भनी त्यतिबेला संवैधानिक इजलासले गरेको आदेश यसपटकको अध्यादेशको हकमा झनै सान्दर्भिक हुने देखिन्छ । दोस्रो बदनियत भनेको संसद छल्ने खेल हो । संसदको अधिवेशन छलेर अध्यादेश जारी गरिएमा त्यसले विधायिकाको अधिकार अतिक्रमण हुने भनी सर्वोच्चले औल्याइसकेको छ । हुन पनि ओली सरकारले पनि देउवाले झैं प्रतिनिधिसभाको अधिवेशन सकिएको २४ घण्टा नवित्दै अध्यादेशका लागि मन्त्रिपरिषदबाट निर्णय गरेको थियो।

'यस प्रकारको अभ्यासलाई सहज, सामान्य वा नियमित अभ्यासको रूपमा लिइयो भने संविधानद्वारा प्रदत्त विधायिकाको अधिकार वा कार्यक्षेत्रमा हस्तक्षेप हुन पुग्ने' त्यतिबेलाको आदेशमा भनिएको थियो, 'अनि शक्ति पृथकीकरणको सिद्धान्त अनुकुल व्यवस्थित संविधानका प्रावधानहरूको प्रयोग वा कार्यान्वयनमा अनुचित असर पर्न जाने समेत देखिन्छ ।' भारतको सर्वोच्च अदालतले पनि कानून निर्माणको अधिकार सरकारको नभई संसदको रहेको स्पष्ट पार्दै अध्यादेशलाई असाधारण अवस्थामा सरकारले कानून जारी गर्न पाउने गरी दिइएको सुविधा भनेर गरेको व्याख्यालाई सर्वोच्चले गत जेठको आदेशमा महत्वका साथ उल्लेख गरेको थियो ।

सर्वोच्चले यस्तो कामलाई 'छद्म विधायन (कलरफूल लेजिस्लेसन)' भन्दै अध्यादेशले संवैधानिक वैधता प्राप्त गर्न नसक्ने मत अघि सारेका थियो । अधिवक्ता अर्याल भन्छन्, 'कुनै दल वा व्यक्तिको स्वार्थ पूरा गर्न आफूअनुकुल कानून बनाउनु त नीतिगत विचलन हो । हिजो केपी शर्मा ओलीको विरोध गर्नेहरूमा नै फेरि यस्तो प्रवृत्ति दोहोरियो ।' अध्यादेशका बारेमा तेस्रो र सबैभन्दा महत्वपूर्ण पक्ष भनेको 'अत्यावश्यकपन' हो । किनभने सरकारले अध्यादेश जारी गर्नुको औचित्य र 'अत्यावश्यकपन' पुष्टि गर्न सक्नुपर्छ। संविधानको धारा ११४ अनुसार पनि 'तत्काल केही गर्न आवश्यक परेको विषय'मा मात्रै अध्यादेश जारी गर्न पाउने शर्त छ। यसअघिको नागरिकता अध्यादेश होस् या यसपटकको राजनीतिक दलसम्बन्धी अध्यादेश दुवैमा 'अत्यावश्यकपन' देखिएको छैन । 'अत्यावश्यकपन'को दृष्टिकोणबाट हेर्ने हो भने त राजनीतिक दलसम्बन्धी अध्यादेश नागरिकता अध्यादेश जति पनि महत्वपूर्ण देखिदैन । र त्यो आधारमा यो अध्यादेशको कुनै संवैधानिक औचित्य नहुने कानूनविद्हरूको भनाइ छ ।

'ओली सरकारले ल्याएको अध्यादेश गलत थियो भने यो पनि गलत नै हो । संसद छलेर ल्याउनु आफैंमा गलत अभ्यास हो' संवैधानिक कानून व्यवसायी मञ्चका अध्यक्ष राजुप्रसाद चापागाईले भने, 'अत्यावश्यक भन्ने बहानामा संसद छलेर मनोमानी अध्यादेश ल्याउनु र आफू अनुकुल शासन चलाउन खोज्नु गलत हो । त्यो औचित्यपूर्ण हुदैन ।'

**संवैधानिक संरचना र मर्ममाथि प्रहार**

नेपालको संविधानले राजनीतिक स्थिरताको परिकल्पना गरेको देखिन्छ। कुनै पनि प्रधानमन्त्रीले प्रतिनिधिसभाबाट विश्वासको मत नपाएमा मात्रै विघटन हुने संवैधानिक व्यवस्थाले संसदीय स्थिरताको परिकल्पना गरेको देखिन्छ । अर्कोतर्फ, नयाँ सरकार बनेको दुई वर्षसम्म अविश्वासको प्रस्ताव राख्न नपाइने र एकपटक अविश्वासको प्रस्ताव असफल भएपछि एक वर्षसम्म अविश्वासको प्रस्ताव राख्न नपाइने व्यवस्थाले कार्यपालिकाको स्थिरताको परिकल्पना पनि गरेको बुझ्न सकिन्छ।

संविधानले परिकल्पना गरेको यो स्थिरताका लागि यी दुईथरि स्थिरताले मात्रै पुग्दैनथ्यो । त्यतिबेला राजनीतिक दलहरूले आफूहरूमा पनि स्थिरताको परिकल्पना गरेर राजनीतिक दलसम्बन्धी ऐन २०७३ जारी गरेका थिए । राजनीतिक दलसम्बन्धी ऐनमा दलीय स्थिरतालाई सहयोग पुग्ने खालको केही कानूनी व्यवस्था गरिएको देखिन्छ । ऐनमा भएको दुईवटा व्यवस्था त्यसका उदाहरण हुन् । ऐनको दफा ३३ को उपदफा २ मा दलको केन्द्रिय समिति र संसदीय दलको ४० प्रतिशत हिस्सा फुटेर अर्को दल बनेमा वा अर्कोमा गाभिएमा मात्रै सांसद पद रहने, नत्र पद कायम नरहने व्यवस्था गरिएको छ । त्यही प्रावधानमाथि बारम्बार अध्यादेशमार्फत प्रहार भएको देखिन्छ।

'यो बहुदलीय पद्धतिलाई क्षतविक्षत बनाउने चिन्तन हो । अरू पार्टीलाई फुटाएर आफू सत्तामा बस्नका लागि समर्थन जुटाउने केपी शर्मा ओलीको रणनीति शेरबहादुर देउवाले पनि अपनाए' वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारी भन्छन्, 'आफू सत्तामा टिक्नका लागि जे गर्न सकिन्छ गर्ने रणनीति देखियो ।' उनको विचारमा आफू अनुकुल नभएपछि प्रतिनिधिसभा छलेर अध्यादेश ल्याउने ओली मनोवृत्ति देउवामा पनि सरेको देखियो ।

हालको ऐन अनुसार, एउटा दलभित्र ठूलो हिस्सा विवादित भएर अलग हुने अवस्था भएमात्रै सांसदहरूको पद सुरक्षित रहने व्यवस्थाले अस्वाभाविक र सहजै रूपमा हुने दल विभाजनलाई निरूत्साहित गर्न खोजेको देखिन्छ । अर्कोतर्फ, त्यही दफाको उपदफा ३ मा त्यसरी फुटेर बनेको दल पाँच वर्षसम्म फुट्न नपाइने भनी दल विभाजन हुने राजनीतिक विसंगतिलाई लगाम लगाउन खोजेको देखिन्छ ।

ऐनको दफा ३१ मा दल त्याग गर्न नहुने व्यवस्था गरी दल त्याग गरेमा संघीय संसदका पदाधिकारी, प्रदेश सभाका सदस्य र स्थानीय तहका पदाधिकारीहरू पदमुक्त हुने व्यवस्था गरेर नेताहरू एउटा दलबाट अर्को दलमा जाने वा समूह अदलबदलबाट हुने विकृतिलाई रोक्न खोजेको देखिन्छ। त्यही कानूनी धरातलका कारण पछिल्ला केही वर्षहरूमा राजनीतिक दल फुट्ने र चोइटिने विकृति निकै घटेको थियो। 'अर्को दललाई कमजोर बनाउने रणनीति अनुसार संविधान र पद्धतिका छिद्र खोजेर संविधानलाई कमजोर बनाउने शैली हावी भयो' भण्डारीले भने, 'आफू सत्तामा बस्न जुनसुकै तहमा उत्रेर प्रहार गर्ने कदम लोकतन्त्रका लागि घातक छ ।'

अनलाइनखबरबाट

साबुन पानीले मिचिमिचि हात
धुने बानीको विकास गरौं ।

facebook twitter



**Durga Sapkota**
twitter.com/SapkotaSubedi
पहाडमा एउटा पाखोबाट चिच्याउँदा अर्को पाखोसम्म आवाज पुग्छ तर हिंडेर जाने हो भने दिनभरी पनि लाग्न सक्छ.....सपना र यथार्थको दुरी पनि त्यस्तै हो!!



**Matrika Paudel**
twitter.com/matrikas
सर्वोच्च अदालतको फागुन २३ को फैसला र राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ६ किल्लोर नबुझ्भी महन्थ ठाकुर र माधव नेपाल पक्ष निर्वाचन आयोगमा गए भने ऋषि कट्टेल हुनसक्छ । जसपा लोकतान्त्रिक र एमाले समाजवादी दुवै नाम मुल्तबीमा पर्न सक्छन्।



**Surya Raj Acharya**
twitter.com/SuryaRAcharya
राजनीतिले नियत, इमान र विश्वास गुमाउन पुग्यो भने चुनावि लोकतन्त्रको वैधता खोक्रो हुन्छ। यस्तो लोकतन्त्र 'कु' ले हैन, कुनै पनि कोणको 'फु' ले गर्ल्याम्म ढल्न सक्छ । चेतना भया । #अध्यादेश



**Tara Natha Dahal**
twitter.com/tndahal7
संसदीय लोकतन्त्रमा संसदबाट नै राजनीतिक दलहरूको व्यापक पुन:गठन हुककदै एजेन्डामा आधारित सीमित दलहरूको विकास हुनुपर्छ । जुन देशमा लोकतान्त्रिक संरचना र अभ्यासबाट दल विकास भएका छन, त्यहाँ दिगो भएका छन । दलहरु जनअभिमत अनुमोदन गर्ने वैध माध्यम मात्र हुनुपर्छ । दल शासन-संयन्त्र होईनन।

# तीन हजार ४०३ संक्रमित थपिए

**रासस**/काठमाडौं

पछिल्लो २४ घण्टामा थप तीन हजार ४०३ जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ११ हजार ८३९ पिसीआर परीक्षणमा दुई हजार ६१३ र चार हजार ९९९ एन्टिजेन परीक्षणमा ७९० जना गरी सो संख्यामा संक्रमण पुष्टि भएको हो।

योसँगै पिसीआर परीक्षण गर्दा संक्रमितको संख्या सात लाख ३९ हजार ९०७ पुगेको छ । एन्टिजेन परीक्षण गर्नेको संख्या ७७ हजार ६२६ छ । सो अवधिमा थप दुई हजार १०४ जना संक्रमणमुक्त भएका छन् । योसँगै संक्रमणमुक्त हुनेको संख्या ६ लाख ८९ हजार १७३ पुगेको छ । हाल ३३ हजार ८०८ होम आइसोलेशनमा तथा तीन हजार ५३२ जना संस्थागत आइसोलेशनमा छन् । त्यसैगरी ७७० आइसीयू र १८६ जना भेन्टिलेटरमा उपचाररत छन् । देशभर सक्रिय संक्रमितको संख्या ४० हजार ३३८ रहेको छ ।

त्यस्तै, हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १० हजार ३९६ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप ४२ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। यस अवधिमा ८४ हजार १३३ ले खोप लगाएका छन् ।

www.bhanjyangnews.com
Email : bhanjyangdml@gmail.com

मास्क लगाऔं
एक जिम्मेवार नागरिक बनौं



कोरोना महामारीले हरेक शहर, गाउँ र घरलाई कुनै न कुनै किसिमले असर पुर्याएको छ। कसैले आफ्ना परिवारजन गुमाएका छन् त कोही भने दिन रात नभनी अरुको सेवामा लागेका छन्। यस वास्तविकतालाई ध्यानमा राखी आफ्नो नागरिक दायित्व पुरा गरौं र मास्क लगाऔं।

मास्क लगाउनु भनेको रोगको फैलावट कम गरी संक्रमण दर घटाउनु त हो नै, साथसाथै यो सामाजिक शिष्टाचार देखाउनु पनि हो।

#मजिम्मेवारनेपाली




बन्दिपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दिपुर तनहुँ

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोन: ०६५-५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४